मेचीकाली
Mechikali Sandesh National Daily

सम्पादकीय

# स्वास्थ्य क्षेत्रमा एकीकृत योजनाको खाँचो

नेपालको स्वास्थ्य सेवा क्षेत्रले वर्षौंदेखि माग र आपूर्तिबिचको असन्तुलन सामना गर्दै आइरहेको छ। सरकारले स्वास्थ्य क्षेत्रमा सुधारका लागि विभिन्न कदमहरू चालेको भए पनि स्रोत-साधन र स्वास्थ्य सेवाको विस्तारले जनताको माग पूरा गर्न सकेको छैन। असन्तुलनको मूल कारण भनेकै सार्वजनिक स्वास्थ्य सेवामा सरकारी लगानीको अपर्याप्तता र उपलब्ध स्रोतहरूको प्रभावकारी उपयोगको कमी हो। स्वास्थ्य सेवा क्षेत्रमा सामुदायिक, गैरसरकारी र निजी क्षेत्रको भूमिका महत्वपूर्ण छ तर ती क्षेत्रमा कुनै निश्चित दिशा र स्पष्ट आधार नभएका कारण सहभागिता अझ प्रभावकारी बन्न सकेको छैन। खासमा स्वास्थ्य क्षेत्र सेवा कम व्यवसाय ज्यादा भइरहेको पनि यस्तै कारणले हो।

नेपालको ग्रामीण क्षेत्र होस् वा सहर, दुवैतर्फ स्वास्थ्य सेवामा सहज पहुँच र गुणस्तरीय सेवा दिन चुनौतीपूर्ण बनेको छ। स्थानीय तहमा स्वास्थ्य संस्था र साधनहरूको कमी तथा दक्ष जनशक्तिको अभावले गर्दा जनताले भोल्नुपरेका समस्याहरू अझै पनि समाधान हुन सकेका छैनन्। यसरी लामो समयदेखि रहँदै आएका समस्यालाई समाधान गर्न, स्पष्ट लक्ष्य र कार्ययोजना अनिवार्य छ। यसका लागि राज्यले वस्तुगत तथ्यांक संकलन गर्दै, हरेक क्षेत्रका लागि आवश्यक स्वास्थ्य सेवाको माग र आपूर्तिको विश्लेषण गर्नुपर्छ। आधारभूत स्वास्थ्यको अधिकारलाई कार्यान्वयन गर्न राज्यका निकायलाई प्रभावकारी र साधनस्रोतले सम्पन्न बनाउनैपर्छ।

सर्वप्रथम, स्वास्थ्य सेवा क्षेत्रलाई प्राथमिकता दिँदै सरकारले वार्षिक योजना तथा स्रोत-साधनको लगानीमा वृद्धि गर्नुपर्छ। स्रोतको उपयुक्त वितरण र प्रभावकारी अनुगमनले मात्र स्वास्थ्य सेवा जनताको पहुँचसम्म पुऱ्याउन सकिन्छ। सामुदायिक तथा गैरसरकारी क्षेत्रको सहकार्यलाई सशक्त बनाउन नीति निर्माणमा सहभागी गराइ, सरकारी योजनाहरूसँग तालमेल मिलाउन सकिन्छ। यसले समुदायमा सेवाप्रवाहमा प्रभावकारी सहयोग पुऱ्याउँछ। अर्को महत्वपूर्ण उपाय भनेको स्वास्थ्य शिक्षा तथा जनचेतनाको विकास हो। ग्रामीण क्षेत्रमा स्वास्थ्यसम्बन्धी जानकारीको कमीले रोग निदान र उपचारमा ढिलाई हुन्छ। सरकारले जनताको स्वास्थ्य सचेतना र प्राथमिक स्वास्थ्य सेवा सहज बनाउनु पर्छ जसले गर्दा प्राथमिक उपचारमै समस्या समाधान गराउन सकियोस्। स्वास्थ्यको आधारभूत सेवाहरू समुदायमै सुलभ गराउँदा बुटवलको प्रादेशिक जस्ता विशेषज्ञ सेवाका अस्पतालको भीडलाई घटाउन सहयोग पुऱ्याउँछ। यसले अस्वभाविक बसाइसराइलाई पनि नियन्त्रण गर्न सकिन्छ। सरकार र निजी क्षेत्रबिच सहकार्यको वातावरण बनाउँदै, स्वास्थ्य सेवामा निजी क्षेत्रको सहभागिता र नियमन गरी निश्चित मापदण्डअनुसार सेवा पुऱ्याउने व्यवस्था गर्नुपर्छ। समग्रमा स्वास्थ्य क्षेत्रमा एकीकृत र दीर्घकालीन योजनाको खाँचो छ।

# हाम्रो सामाजिक परिवेशमा ज्येष्ठ नागरिक



देवेन्द्र घिमिरे

हाम्रा घरपरिवारमा जीवित सत्तरी वर्ष पारगर्दै गरेका पाका पुस्ताका महिला पुरूषलाई लेखोटमा हामीले ज्येष्ठ नागरिक भन्न थालेका छौं। बुढाबुढी वा वृद्धवृद्धा भन्ने लेख्ने कुरा पनि व्यापक नै छ। नव विवाहित जोडीलाई बुढाबुढी भन्नुको मनसाय चाहिँ मन, वचन कर्मले वृद्धास्थासम्म साथ रहने भनिएको हो।

सय वर्ष पहिले गरिबीमा बाँचेका बहुसंख्यक नेपालीहरू पचास वर्ष बाँच्ने कुरालाई सिंगो आयु बाँचेको ठानिन्थ्यो। राजा रजौटाको दास अर्धदासकालीन शोषण उत्पीडन गाउघरसम्म व्याप्त थियो। हाम्रो नागरिक चेतना शैक्षिक जागरण यता बुढाबुढीलाई सम्मानका लागि भनिएको हो ज्येष्ठ नागरिक। हाम्रो समाजका सबैले भित्री मनले स्वीकारी व्यवहारमा ज्येष्ठ नागरिक मान्न र भन्न अझै केही पुस्ताले अभ्यास गर्नु पर्ला!

विस्वले सन् १९९१ देखि ज्येष्ठ नागरिकको पहिचान गरी १ अक्टुबरलाई ज्येष्ठ नागरिक दिवस मनाउन निर्णय गरेको थियो। हामीले पनि आफ्ना दिवस बनाउने मनाउने गरेकाछौं।

नेपाली समाजको बिकास सन्तुलित ढंगले भएको पाइँदैन। राम्रो अवसर पाएको, उत्पादनको सहज अवस्थामा रहेको, उत्पादनका साधनहरूमा पहुच भएको र शिक्षाको पहुँचमा रहेको अगुवा तप्काको जीवन केही सहज रहेको छ। ती परीवारमा राज्य सञ्चालक सदस्यहरूसँग सोझो घुमाउरो सम्पर्क जोडिने हुनाले पहिलेदेखि समाजमा हैसियत भएकामा गनिन्थे। स्थानीय रूपमा आउने विवादमा पक्ष बिपक्षको फैसला गर्ने भलाद्मीको भूमिकामा रहन्थे। यिनीहरू घोंडामा या तामदानमा यात्रा गर्थे।

कडा परिश्रमी विपन्न तप्का चाहिँ जनतन जीवन धान्न विवस परिवारका बुढाबुढीहरूको जीवन निकै कष्टकर रहँदै आयो। दूरदराजमा अझै पनि यो अवस्था देख्न सकिन्छ। काम गर्न नसक्ने, रोगी वृद्धवृद्धाको अवस्था झनै दुखद रहेको पाइन्छ। परम्परादेखि चलेको अन्धविश्वासले जरा गाडेकाले रोगले गलाउन्जेलसम्म घरमै आखत हेराउने, लागोभागो मन्साउने, ग्रह कटाउने र भाकल गर्नुलाई पहिलो स्वास्थोपचारमा प्राथमिकता दिने चलन छ।

अन्तिम अवस्थामा अस्पताल लैजाने संस्कारले पीडित ज्येष्ठ नागरिकलाई आफू ज्येष्ठ नागरिक भएको र बुढेसकालका समस्या र तिनको समाधानमा ध्यान दिने चेतना समाजका सचेत वर्ग र सेवामूलक निकायबाट हुनुपर्दछ। उनीहरूलाई कृपापात्र बनाउन छाडेर अन्धविस्वास पन्छाउन नसघाउने हाम्रो शिक्षा पद्धति दोषयुक्त रहेकोछ। अझ प्राइभेट विद्यालयहरूले परिवार चिनाउने, देशको इतिहास चिनाउने, देशभक्त नागरिक शिक्षा दिनुको साटो विश्व बजारमा विकाउने, निर्यात योग्य बनाउने नाममा टाइ बानेर विदेश पलायन हुने शिक्षा दिन थालेपछि देशमा रहेको जेष्ठ नागरिकको अवस्था झनै दयनीय हुँदै गइरहेको छ।

खाइ नखाइ गरी बोर्डिङ पढाउने, घरखेत बेचेर सन्तान विदेश पठाउने कुरा : एकछिन छिमेकीलाई धाक लगाउन काम लाग्ला, युरोप, अमरिका, अष्ट्रलियालगायतमा रमाउँदै उतै भास्सिएका सन्तानले सुरूमा दामपैसा पठाउलान् पनि। सन्तानहरू विदेशमै रम्न र उतै घरजम गरेपछि सबैतिरबाट रित्तिएर निरास भएका ज्येष्ठनागरिकहरू समृद्ध र सुखी कसरी हुन सक्छन् ? राज्यले नागरिक निर्यातको नीति अङ्गिकार गरेको देशमा ज्येष्ठ नागरिकको अपमान पलपलमा भइरहेको हुन्छ।

आफूलाई जन्माइ हुर्काएका ज्येष्ठ नागरिकलाई परीवारजनले बोझ मान्नु हुँदैन, उनीहरू जीवन संघर्षकाका जीवित इतिहास भएकाले उनीहरूबाट बितेको समयका ज्ञान अनुभव लिनुपर्छ भन्ने हामी चर्चा गर्छौं। विश्व समुदायमा हामीले वृद्धभत्ता दिन थालेकाछौं ! जस्ता कुरा गरेर समाजिक न्यायमा हामी अगाडि छौं भनिरहेका पनि छौं। अनि जस्केलाबाट सरकारले रिनकाढेर सामाजिक सुरक्षा भत्ता भविष्यमा दिन सक्लार भन्ने प्रचार पनि थालेका छौं।

ज्येष्ठ नागरिकले आफैं संघर्ष गरेर केही उपलब्धी पाउने भएका हुन्। व्यवस्थापनमा सरकार उदासीन हुँदा कतिपय कुरा हात्तीका देखाउने दाँत भएकाछन्। स्वास्थ्य विमामा दिइने एक लाख घुमाइफिराइ बिमा कम्पनीमै रोकेर राख्न अस्पतालले महगो औषधी किन्न लगाएर झिना मसिना मात्र दिने र बिमा कम्पनीको पैसा बचाउने नियत सबत्र छ। नियमन निकाय उपचार खर्च दिएको डेटा देखाएर निर्लज्जता देखाइरहेको पाइन्छ। उता विपन्नको पहिचान र परिचयपत्र नदिएर वडाको सिफारिसमा पाउने एक लाखमा पनि सम्पन्नहरूकै हालीमुहाली भएको जगजाहेर हुँदासम्म सम्बन्धित निकाय मौन र लाचार रहेको छ।

हाम्रो समाजमा : कुरा सुन्नु बुढाको आगो ताप्नु मुढाकोः भन्ने संस्कारलाई 'पढ्नु भनेको विदेश जानू हो' भन्ने विकृतिले विस्थापित गरिरहेको छ। पुर्खा निन्दक प्रवृत्ति समाजमा बढ्दो छ। यसले 'उहिलेका कुरा खुइलिए !' भन्ने भाष्यलाई बढावा दिइरहेको छ। यसले ज्येष्ठ नागरिकप्रति मात्र अपमान होइन कि सिंगो समाजमा मौलिक संस्कृति मेटाउने नकारात्मक दुष्प्रभाव फैलाउने काम गरिरहेको छ।

बौद्धिक तथा साहित्यिक समुदायभित्र समेत यसखाले प्रवृत्तिले कताकति टाउको उठाउने थालेको देखिन्छ। जसले समग्र विश्लेषण गर्ने र सही समीक्षाबाट गुणदोष केलाउन पर्ने हो त्यही समुदाय नकारात्मक, निन्दक हुन रमाउदा हाम्रो समाज कतातिर जाला ? यस्तो चालाले हाम्रो नेपाल राम्रो नेपाल बनाउने आकांक्षा र दायित्व यसरी पूरा होला ?

घरभित्र ज्येष्ठ नागरिकको अवस्था अस्थिर छ। नेपाली समाजको परिवारिक बनोट धेरै कारणले फेरिँदै छ। हामीले समाजलाई निरन्तर बदल्दै पनि छौं। हामीले समाज बदल्दा आफ्ना मौलिक संस्कृतिलाई मास्ने र बाहिरी संस्कृति भित्राउने गल्ती गर्नु नाजायज हुन्छ।

प्राचीन कालदेखि माता पितालाई देवता मान्ने संस्कारलाई तथा कथित परमपिताबाट अपहरण गरिने काम भइरहेको छ। जन्मदातालाई पन्छाएर परमपिता पुज्ने अपसंस्कारले हाम्रो आफ्नो पन हराउने,परिवारजनप्रति कुनै दायित्व नरहने देखिन्छ। यस्तो धारणाको संचार हुने कुराले प्रेम स्नेहबाट घुमेर निष्ठा र श्रद्धाको जीवनचक्रको शृंखला अबरूद्ध भई ज्येष्ठ नागरिक घरघरमा सम्मानित कम हुने, वृद्धवृद्धा हुँदा, काम गर्न नसक्ने हुँदा, रोगव्याधी लाग्दा वा अशक्त र जीर्ण हुँदा पुर्ख्यौं सम्पत्ति वा आफूले कमाएर राम्ररी हेरचाहा र संरक्षण गर्नुपर्छ भन्ने कर्तब्य बोधबाट पन्छिन खोज्ने, झारा टार्ने गरेको देखिन्छ। जीवित हुँदा उपचार स्यहार सुसारमा अनिक्षापूर्वक गरेका र मृत्युपछि अरूलाई देखाउन दानदक्षिणा झकिझकाउ गरेको पनि पाइन्छ। निकै कम घरमा आफ्ना घरका वृद्धवृद्धालाई निष्ठापूर्वक सेवा गरेको हामी देख्छौ। कतिपय वृद्धहरू एक्लै ओढारमा बसेको, छोराले नै बाध्य पारी सम्पति खोसेका समाचार सुन्नमा आँउछन्।



सामूहिक परिवार क्रमशः टुट्ने र एकल परिवार निर्माणको क्रम बढ्दो छ। यसले सामुहिक उपार्जनबाट छिटो छुट्टिभिन्न हुने, जागीर वा व्यापार गर्नेले कमाइ साझा नगर्ने प्रबृत्ति व्यापक भएको छ। यसले गर्दा सामूहिक ठूला परिवार भङ्ग हुने कुरालाई बल पुऱ्याएको छ। निजी कमाइ र सञ्चयले असक्त बाउआमा पाल्नबाट पन्छिने सोंचले बढोत्तरी पाएकोले परीवार भित्रै ज्येष्ठ नागरिक अपहेलित र असुरक्षित हुन सक्ने खतरा बढ्दो छ। हाम्रो सामाजिक मान्यता र लडेर सम्पत्तिमा हक लाग्ने कानून भएकाले पनि यसखाले बिरोधाभाष उत्पन्न भएको हो।

दर्जनौं ज्येष्ठ नागरिक संघ संस्थाहरूको लामो र अथक संघर्षबाट, सरकारसँग पटक पटकका वार्ता र छलफलबाट प्राप्त उपलब्धिको रूपमा 'ज्येष्ठ नागरिक सम्बन्धि ऐन २०६३' आयो , त्यस यता ताजा संशोधन २०७९ सम्मका व्यवस्था पाठक अध्येताका लागि राम्रा छन्। तिनलाई ज्येष्ठ नागरिकसम्म पुऱ्याउने र कार्यान्वयनको पाटो फितलो देखिन्छ। यसलाई सामाजिक व्यवहारमा संस्कार बनाएर लागू गर्ने तत्परताको कमी खड्किन्छ। बाहिरी विस्वमा खपतका लागि देखाउन प्रयोग गर्ने कपट राज्यबाट हुनु कदापि उचित हुन सक्दैन।

नेपालमा २५ लाख बढी ज्येष्ठ नागरिक रहेको अनुमान छ अहिले। यसमा नयाँ थपिने क्रम निरन्तर रहन्छ। अन्तजस्तो ६० वर्ष उमेरमा हाम्रोमा ज्येष्ठ नागरिक मानिँदैन ६५ वर्षलाई आधार मान्नु पर्ने तर्क पनि गरिन्छ। आम रूपमा भत्ता पाउने वर्ष ७० लाई ज्येष्ठ नागरिक वा वृद्ध भत्ताको उमेर मानेको पाइन्छ।

यो उमेरमा अधिकांशलाई केही नकेही रोग लागेको हुन्छ। बुढ्यौलीमा दम, ढाड दुख्ने, हात खुट्टा झम्झमाउने, अनिन्द्रा प्राय हुन्छ विस्मृति (अल्जाइमर) र अन्य मृगौला, मुटु र क्यान्सर जस्ता दीर्घ रोगले पनि सताएको देखिन्छ। सरकारी अस्पतालमा औषधीा ५०% छुट ऐनमा लेख्ने तर माग्यो भने छैन भन्ने गरेको सबैलाई थाहा छ। कार्यान्वयन र अनुगमन विनाको देखावटी व्यवहार ज्येष्ठ नागरिकको आम भोगाइरहेको छ।

बालबालिका र युवाहरूले आफ्नो समाजको इतिहास जान्ने स्रोत हुन ज्येष्ठ नागरिक। विद्यालय, क्याम्पसले पाठ्यक्रममै अन्तक्रियात्मक व्यक्तित्व गाथा खोज्न लगाएर उनीहरूको सामाजिक घुलमिल र इतिहास ज्ञानलाई बढाउन सक्छन्। पूरा आयु बाँच्ने सबै दीर्घजीवीले ज्येष्ठ नागरिकको अवस्थामा पुग्नै पर्छ। यस्ता मानिसहरूले घरका ज्येष्ठ नागरिकको भूमिकालाई अनुभूत गर्नु पर्दछ। आफन्त वा छिमेकमा गएको बेला त्यहाँका वृद्धवृद्धालाई वेवास्ता गर्ने बानी छाड्नुपर्छ। भेटेर खुखदुखका कुरा गर्नु पर्छ। हामी कोही अजम्बरी छैनौं। वृद्धवृद्धालाई डाडामाथिका जून भन्छौं हामी। जून अस्ताउँछन् र हामी भेट्न नपाएको गुनासो गर्छौं। हामीले अवसर गुमाउँछौं। कसैका घरमामा भेट्न जाँदा साथै घरका सेवा गर्ने सदस्यलाई दोष लगाउने नपुग्ने खाले सस्ता सल्लाहा थोपर्ने कुराबाट भने जोगिनु पर्छ। घरपरिवार र ज्येष्ठ नागरिकका बिच फाटो पार्ने वा मन दुखाउने व्यवहार गरिनु मुनासिब हुँदैन।

आफूले सक्ने अवस्थासम्म, अशक्त नहुँदासम्म ज्येष्ठ नागरिकले पनि घरभित्रका सानातिना काम गर्नुपर्छ। चलमल नगरे शरीर झनै दुख्ने र पीडा थपिने हुन्छ। अशक्त अवस्थामा परीवारमा आफ्ना पालाको माग गरेर पुग्दैन। वर्तमान अवस्थालाई स्वीकार्ने र अहिलेको अर्थात् सन्तानका पालाको कुरालाई सहज रूपमा लिएर खुसी हुने अभ्यास गर्न जरूरी हुन्छ।

पालिकाका वडाहरूले आफ्ना वडाका ज्येष्ठ नागरिकको लगत लिने, कतै ज्येष्ठ नागरिकप्रति अभद्र व्यवहार भएको पाइए नियमन गर्ने तदारूकता हुनु पर्दछ। परीवार समाज र राज्य सबैको एकमुष्ट साझेदारी आवश्यक पर्छ ज्येष्ठ नागरिकको सहज अवस्था बनाउनलाई !

# युवा पलायन न्यून गर्ने सूत्र



भरत गौतम

आर्थिक अवसर बढी हुने ठाउँमा मानिसको आकर्षण बढ्दो छ। अर्थतन्त्र बलियो भएका देश अरू देशका काबिल जनशक्ति भित्र्याउन विभिन्न अवसरबाट प्रभावित गराउँछन्। विकसित देशले सक्षम जनशक्ति तान्ने सिद्धान्त ब्रेन ड्रेनले गर्दा अन्य देशमा श्रम व्यवस्थापनमा समस्या देखिएको छ। सबल अर्थव्यवस्था हुन नसकेका देशले सक्षम जनशक्तिलाई स्वदेशमै टिकाउन हम्मेहम्मे परेको छ। सक्षम बाहिरिँदा दक्ष जनशक्ति अभावमा समग्र क्षेत्रमा समस्या देखिन सक्ने अनुमान गर्न थालिएको छ।

नेपालमा पनि दक्ष जनशक्ति स्वदेशमा टिकाउन सकिएको छैन। अन्य क्षमताका जनशक्ति पनि स्वदेशको अवसर नदेखेको अवस्था छ। गाउँबाट सहरमा बसाइँसराइ गर्ने सहरबाट विदेश जान सक्रिय हुने प्रवृत्ति बढ्दो रहेकाले जनसंख्या व्यवस्थापनमा चुनौती बढ्दै गएका छन्। राज्यले विकासको सञ्जाल गाउँसम्म लैजाँदै छ तर गाउँका घर रित्तिँदै गएका छन्। अर्को सकारात्मक पक्ष विप्रेषणको प्रभाव अनुकूल हुँदै गएको देखिन्छ। स्वदेशमा काम गर्ने जनशक्तिको अभाव हुने अवस्था एकातिर छ भने अर्कोतिर स्थानीय समाजिक र संस्कारगत कर्ममा समेत समस्या देखिएका छन्। अहिलेको बिदेसिने दरलाई कम गर्न सकिएन भने सामाजिक र आर्थिक पक्ष कमजोर हुने अनुमान गर्न थालिएको छ।

राज्य तहबाट स्वदेशमै श्रम व्यवस्थापन अनुकूल बनाउने सोचको स्पष्टता देखिएको छैन। नेपाली अवसर भएका देशमा पुगिसकेका र धेरै जनशक्ति धकेल्ने सिद्धान्तबाट विदेसिएकाले त्यस्ता जनशक्तिको नकारात्मक पाटो बढी छ। विदेश मोह बढ्दै गएको र रोकथाम गर्ने गर्न नसकिएको अवस्थाको विषय र विदेश मोह हुनुका कारण तथा समाधानका उपायका बारेमा चर्चा गर्न खोजिएको छ।

## अवसरको खोजी

विश्वव्यापीकरणको अवसर व्यक्तिले पनि पाउनुपर्छ। विश्वव्यापीकरणको सिद्धान्तले सीमारहित उच्चस्तरको अवसर र सेवालाई इङ्गित गर्छ। मानिसले आफ्नो ज्ञान र क्षमताको अवसर उपयोग गर्न स्वदेश मात्र प्रयाप्त हुँदैन। अहिलेको विश्वले अब्बल ज्ञान उपयोगको अवसरका लागि ढोका खुला गरेको छ। प्रविधिको उपयोग गरी संसारभरिको अवसरको सूचना प्राप्त गर्न र आफूलाई प्रतिस्पर्धामा उतार्न पाउने भएकाले जन्मभूमि बाहिर कर्म गर्न सजिलो भएकाले विदेश मोह बढ्दै गएको हो।

स्वदेशमै श्रम उपयोग हुन सक्ने बनाउन व्यावसायिक वातावरण बनाई रोजगारी सिर्जना गर्नेतर्फ ध्यान दिन आवश्यक छ। राज्यको आर्थिक सम्भावना भएका क्षेत्र पर्यटन, जलस्रोत, सूचना प्रविधि, वन तथा कृषि, खानीका क्षेत्रमा व्यावसायिकमैत्री वातावरण बनाई मानव स्रोतको उपयोगमा ध्यान दिन रणनीतिक योजनासहित अघि बढ्नु पर्ने देखिन्छ। प्राकृतिक स्रोत, प्रविधि र मानव स्रोतबिच सकारात्मक वातावरणबाट स्वदेशमै व्यवसाय र रोजगारी गर्न सक्ने अनुकूल अवस्था सिर्जना गर्न सार्वजनिक र निजी क्षेत्र लाग्नुपर्ने हुन्छ।

## स्वदेशभित्रको सम्भावना

राज्यको राजनीतिक, आर्थिक र समाजिक संरचना र अवसरको सम्भावना बिचमा कस्तो संयोग छ त्यसले पनि युवा पुस्तामा प्रभाव पार्दो रहेछ। नेपालमा प्रत्येक वर्ष थप चार लाख जनशक्ति काम गर्न योग्य देखिएका छन् तर राज्यले एक लाख जनशक्ति मात्र उपयोग हुन सक्ने अवस्था छ। अरू जनशक्ति मौसमी रोजगारी वा अर्धरोजगार हुने र बेरोजगार बन्ने प्रवृत्ति छ। हाम्रो मुख्य सम्भावना पर्यटन, ऊर्जा, कृषि, खानी र सूचना प्रविधिलगायतका क्षेत्रमा यथेष्ट रोजगारी सिर्जना गर्न सकिएको छैन। निजी क्षेत्रको रोजगारीमा सबैको पहुँच नभएको भनाइ छ। रोजगारीको माग पक्षभन्दा आपूर्ति पक्ष बढी भएकाले ज्याला जीवन निर्वाहका लागि पर्याप्त छैन। यस्तो अवस्थामा विदेशमा रोजगारीका लागि जानुपर्ने बाध्यता नै छ। अवसरको बढोत्तरी गर्ने विषयले स्वदेशभित्रको सम्भावना प्रस्ट्याएको छ। सार्वजनिक क्षेत्रको कार्य कुशलता र निजी क्षेत्रको लगानीमा उत्साहले स्वदेशको सम्भावनाको बढोत्तरी गर्छ। विदेशी लगानी र प्रविधिको उपयोग गर्न राज्यले प्रभावकारी कदम चाल्नु पर्ने र स्वदेशको अवसरलाई बढाई मानवस्रोत उपयोग गर्न सके विदेसिनु पर्ने दबाब कम हुँदै जान सक्छ।

## शिक्षा प्रणालीको प्रभावकारिता

युवा जनशक्तिलाई रोजगारी गर्न सक्ने बनाउन शिक्षामा लगानी गर्नुपर्ने हुन्छ। शिक्षाले राजगारीका अवसर केन्द्रित सिप र ज्ञान दिनुपर्छ। हाम्रो शिक्षा प्रणाली नवपर्वतनीय ज्ञान र श्रम बजार प्रेरित हुन सकेको छैन। शिक्षा प्रणाली गरिखाने जनशक्ति उत्पादनमा चुकेको छ। सिपमूलक व्यावसायिक तालिम पनि प्रभावकारी हुन सकेको छैन। विश्वविद्यालय खुल्ने क्रम जारी छ। शिक्षा प्रणालीमा कहाँ कमजोरी छ र सुधार गर्न के गर्नु पर्छ भन्नेतर्फ ध्यान जान सकेको देखिँदैन। उच्च शिक्षा पढेका धेरै जनशक्ति बेरोजगार छन्। सिप र ज्ञानलाई बजारमा बेच्न नसक्दा विदेशमा जानुपरेको छ। केही काबिल जनशक्ति भने विश्व बजारमा तान्ने सिद्धान्तबाट बिदेसिएका छन्। शिक्षालाई श्रम बजार, नवपर्वतनीय सोच, जनजीविका र व्यवसायसँग जोड्न आवश्यक छ। शिक्षाले सिप ज्ञान र कार्यकुशलता बढाउन लाग्नुपर्नेमा हाम्रो शिक्षा पुरातनवादी भएको आरोप छ। केही काबिल जनशक्ति उत्पादन भए पनि उनीहरूको उपयोग गर्न नसक्दा बाहिरिएका छन्। राज्यले दक्ष जनशक्ति उत्पादन गर्न व्यावसायिक सिप र उच्च शिक्षा समयसापेक्ष बनाउन लगानी बढाउनु पर्ने र विश्वको शिक्षा प्रणालीलाई आत्मसात् गरी विकाउ जनशक्ति उत्पादनमा ध्यान दिन आवश्यक छ।

## शासकीय पद्धतिको प्रभाव

नेपालमा राजनीतिले राम्रो गति लिन नसकेकाले होनहार युवा विदेसिन बाध्य भएका छन् भन्ने भनाइ छ। अस्थिर राजनीति, भ्रष्टाचार बढ्दो, भनसुनको प्रवृत्ति, जनजीविका र व्यावसायिकता प्रवर्धनमा उदासीनता, रोजगारीका अवसरको कमी, गुणस्तरीय शिक्षामा कमजोर अवस्था जस्ता शासकीय पद्धतिका कमजारीले पनि युवा शक्ति निराश भई विदेसिन चाहन्छन्। राजनीतिक दूरदृष्टि नहुनु, प्रतिबद्धताको कमजोर अवस्था र सेवा प्रवाहमा झन्झट धेरै भएकाले युवा पुस्ता निरूत्साहित भई बाहिरिने दर बढ्दो छ।

राजनीतिले शासनको बागडोर समाल्ने र जनतालाई असल नेतृत्वबाट उत्साहित गर्नु पर्नेमा स्पष्ट दृष्टि देखिन सकेको छैन। युवा पुस्तामा असल शासनको अनुभूति नहुँदा स्वदेशप्रतिको मोहमा ह्रास हुँदै गएको छ। शासन पद्धतिमा देखिएका विकृति अन्त्य गरी दूरदृष्टि भएका युवा नेतृत्वमा जान सक्ने अवस्था सिर्जना गर्ने, कानुनी शासनमा जोड दिने, जनजीविका र व्यावसायिकताका लागि उत्साहजनक वातावरण बनाउने र विश्वको प्रगतिको लाभ प्राप्त गर्न सक्षम हुने विषयमा शासन पद्धति सक्षम हुनुपर्छ र युवा पलायन हुन उत्साहित हुँदैनन्।

## विदेशका सुविधाप्रति मोह

विदेशमा ग्रिन कार्ड, स्थायी बस्न अनुमति र नागरिकको दर्जा जस्ता सुविधा उपयोग गरी गुणस्तरीय जीवन बिताउनेको जमात बढ्दै गएकाले स्वदेशका युवा विदेशमा लालायित हुनु स्वाभाविक हो। विदेशमा काम गर्न अवसर धेरै हुने, उपयुक्त तलब सुविधा र जुनसुकै कामलाई पनि इज्जत र मर्यादा हुने हुँदा जस्ता पनि काममा विदेसिन आतुर देखिएको पाइन्छ। विदेशमा काम गर्दै पढ्ने जमातको बढ्दो आकर्षणले पनि स्वदेशभन्दा विदेशमै अध्ययन प्राथमिकतामा पर्न थालेको छ। पढ्न गएका धेरै युवा स्वदेश फर्कँदैनन् र जसरी पनि गन्तव्य देशमा रोजगारी र स्थायी बसोबासका लागि प्रयत्न गरिरहेका पाइन्छन्। जसले युवा पुस्तामा विदेश मोह बढाएको छ।

विदेसिएका युवाले रोजगारीका अवसरबाट आय प्राप्तिपछि उपभोग्य क्षमताको बढोत्तरी गरी गुणस्तरीय जीवन बिताएका हुन्छन्। विश्व प्रविधिको उपयोग र लाभ प्राप्त गर्न सजिलो अवस्था भएकाले स्वदेशमा अनुकूलता देखेका हुँदैनन्। विदेशमा जस्तै रोजगारीका अवसर बढाउने आयस्रोतमा बढोत्तरी गर्ने र उपभोग्य क्षमताअनुकूल बनाउन राज्यले तत्पर भई हाम्रा नीति नियम युवामैत्री बनाउने र उच्च प्रविधिको उपयोग र लाभ स्वदेशमै प्राप्त गर्न सक्ने अवस्था सिर्जना नगर्दासम्म युवा बाहिरिने प्रवृत्ति रोक्न कठिन छ। विदेशमा अध्ययन गर्न गएका युवाको अध्ययनपछि स्वदेशमा उपयोग गर्न लोक सेवा आयोगले सकारात्मक भर्ना पद्धतिमा जोड दिने र स्थायी गर्ने पद्धतिलाई क्रमशः कम गरी तोकिएका काम अपेक्षित परिणामका लागि समयभित्र गर्न करार प्रणालीलाई प्रोत्साहन गर्न सके युवाको ज्ञान र सिप उपयोग गरी स्वदेशको अवसरले पलायन कम गर्न सकिन्थ्यो।

अवसर, सिप र ज्ञानको उपयोग र विश्वको प्रगतिमा समाहित हुन युवा विदेसिन्छन्। विदेश मोहमा रहेका युवालाई स्वदेशमा उपयोग गर्न सरकारले धेरै प्रयत्न गर्नुपर्ने देखिन्छ। युवालाई स्वदेशमा राख्न बाध्यकारी नीतिभन्दा उत्साहित गर्ने रणनीतिको खाँचो छ। शासकीय प्रभावकारिता हुनुपर्ने पहिलो सर्त हो भने अवसरको बढोत्तरी दोस्रोमा पर्छ। राजनीतिको सकारात्मक वातावरणले राज्यभित्रको अवसरलाई विश्व जगत्सँग जोड्न सके आर्थिक क्रियाकलाप बढ्न गई श्रम शक्तिको स्वदेशमै उपयोग हुने अवस्था सिर्जना हुन सक्थ्यो। अहिलेको अवस्था ब्रेन ड्रेनलाई ब्रेन गेनमा बदल्नु हो। अवसरको पहुँच, आयआर्जन बढोत्तरी र उपभोग्य क्षमताको सहजता ल्याउन प्रभावकारी शासन प्रणाली भए मात्र युवा पलायन न्यून गर्न सकिन्छ।(गोपबाट)

# ‘बहुवर्षीय र क्रमागत आयोजनाको भुक्तानीमा समस्या छैन’

दाङ, कार्तिक १२ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले गत वर्षको दायित्व भुक्तानी सुरु भएको बताए । नेपाल निर्माण व्यवसायी महासंघका प्रतिनिधिहरुसंग सोमवार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा बहुवर्षीय र क्रमागत आयोजनाको भुक्तानी सुरु गरिएको जानकारी दिए ।

संघीय सरकारले वित्तिय समानिकरण अनुदान नपठाउदा प्रदेशमा दायित्व थपिएको, निर्माण व्यवसायीले पनि समयमा काम सम्पन्न नगर्दा जटिलता उत्पन्न भएको उल्लेख गरे । ‘संघीय सरकारले पठाउनुपर्ने अनुदान पठाएन । त्यसले भुक्तानीको दायित्व थप्यो । त्यसमा पनि निर्माण व्यवसायीले समयमा काम सम्पन्न नगर्दा पनि अप्ठ्यारो भएको हो,’ उनले भने,‘सरकारले बहुबर्षिय र क्रमागत आयोजनाको भुक्तानी सुरु गरिसकेको छ । समस्या भएको भनिएको साल वसाली र सम्पन्न भएक योजनाको हो ।’ निर्माण व्यवसायीले इमानदारी भएर काम सम्पन्न गर्नुपर्ने, समयमा काम सम्पन्न नगर्ने व्यवसायीलाई कानुन अनुसार दण्डित गरिने बारेमा समेत स्पष्ट पारेका छन् । संघीय सरकारले गत वर्ष दुई अर्ब १० करोड समानिकरण अनुदान नपठाउँदा समस्या परेको छ ।

योजना कार्यान्वयन गरेको आधारमा जेठ महिनाभित्र भुक्तानी लिनसमेत आग्रह गरे । ‘काम सम्पन्न भएको छ । तर, भुक्तानी लिन किन असार २५ गतेनै कुनुपर्‍यो ?’ नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रिय अध्यक्ष रवि सिंहले निर्माण व्यवासायीहरुले भोगेका समस्याहरु समाधान गर्नेगरी प्रदेश सरकारले ध्यान दिनुपर्ने बताए । भुक्तानी रोकिएको बारेमा ध्यानाकर्षण गराउँदै छिटो भुक्तानीको लागि आग्रह गरे । नेपाल निर्माण व्यवसायी महासंघ केन्द्र, प्रदेश र जिल्ला तहका नेतृत्वहरुसंग मुख्यमन्त्री आचार्य, भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाल, प्रमुख सचिव महादेव पन्थ, सचिव ईश्वरराज पौडेल, कृष्ण पौडेललगायतले छलफल गरेका थिए ।

लुम्बिनी प्रदेशमा निर्माण सामाग्रीको गुणस्तरीय परीक्षणका लागि प्रयोगशाला स्थापना गरिएको छ । प्रदेश सरकार र निर्माण व्यवसायसीको संयुक्त लगानीमा प्रयोगशाला स्थापना गरिएको छ । यो प्रयोगशाला सरकारी र निजी क्षेत्रको साझेदारीमा सञ्चालनको योजना बनाइएको छ । निर्माणको कामलाई गुणस्तरीय बनाउन प्रदेश स्तरीय प्रयोगशाला भालुबाङमा स्थापना गरिएको छ । जसमा प्रदेश सरकारको एक करोड र निर्माण व्यवसायी महासंघको ९० लाख लगानी छ ।

# कृषि उपकरणको प्रयोगले किसानलाई सहज

दाङ, कार्तिक १२ । दाङमा कृषि उपकरणको प्रयोग बढ्दै गएको छ । यसले व्यावसायिक रुपमा कृषि कर्म गर्दै आएका किसानलाई सहज भएको छ । उत्पादनसमेत बढेको छ ।

खेती गर्न जनशक्ति, लागत र समय कम लाग्ने भएपछि पछिल्लो समय जिल्लामा कृषि उपकरणको प्रयोग बढ्दै जान थालेको छ । कृषि व्यवसाय गर्नेको संख्यामा कमी आएको समयमा कृषियन्त्रको प्रयोगले किसानलाई सहजतासँगै उत्साहित बनाएको राजपुर गाउँपालिका-६ गङ्गदीका किसान निमराज चौधरी बताउँछन् । सानो परिवार भएको समयमा खेती गर्न समस्या भइरहेको बेला कृषियन्त्रको प्रयोगले खेती गर्न सहज भएको उनी बताउँछन् ।

जोत्नेसँगै धानलगायतका अन्यबाली दाउँनेसमेत व्यवस्था भएपछि सानो परिवारले पनि छोटो समयमा धेरै खेती गर्न सकिने बनाएको चौधरी बताउँछन् । आधुनिक तरिकाले खेती गर्दा सहज भएको उनको भनाइ छ । थोरै खेती गर्दा पनि वर्षभरि खान पुगेको अनुभव उनको छ ।

चौधरीले भने,‘अहिले प्रविधिको प्रयोगले खेती गरिदिने व्यक्ति खोज्नुपर्ने बाध्यता हटेको छ, गाउँमा पछिल्लो समय गोरु पाल्न छोडिसकेका छन् । तर प्रविधिको सहयोगले खेतबारी जोत्नेदेखि दाउनेसम्म व्यवस्था भएपछि अहिले धेरै राम्रो भएको छ ।’ राजपुर गाउँपालिका-६ गङ्गदीमा रहेको बड्का बगिया कृषि सहकारी संस्थाका अध्यक्षसमेत रहेका चौधरीले कृषि सहकारीले पनि विभिन्न कार्यक्रममार्फत किसानलाई सहयोग गर्दै आएको बताए । विगत केही वर्षयता ट्र्याक्टरको सहायताले धान बोक्ने, दाउनेसँगै खेतबारी जोत्ने काम गर्दै आएको राजपुर गाउँपालिका-५ सालभौरीका गोविन्द चौधरी बताउँछन् । उनले भने,‘सानो परिवारमा खेती गर्न समस्या हुने गरेको थियो । तर प्रविधिको प्रयोगले जोत्नेदेखि बोक्ने र दाउने समेत गाउँमै व्यवस्था भएपछि खेती गर्नलाई सजिलो भएको छ ।’ उनका अनुसार कृषियन्त्रको प्रयोगले पछिल्लो समय आफूजस्ता गाउँभरका किसानलाई सहजता भएको छ ।।

कृषि सहकारीले पनि ५० प्रतिशत अनुदानमा कृषि उपकरण, बिउबिजनसमेत प्रदान गर्दा सहज भएको चौधरी बताउँछन् । कृषिमा काम गर्ने व्यक्तिको अभावमा खेतबारी बाँझो भइरहेको समयमा कृषियन्त्रको प्रयोगले किसानलाई सहजतासँगै उत्साहित बनाएको उनले बताए । चौधरीले भने,‘गाउँमा जोत्नका लागि गोरु छैनन्, । त्यसैमा अधिकांश घरका पुरुष कमाउनका लागि देश बाहिर छन् । यसले अधिकांशको खेतभरी बाँझै रहने अवस्था थियो । तर गाउँमा जोत्न ट्र्याक्टर र दाउन थ्रेसर भएपछि अधिकांशले खेती गर्ने गरेका छन् ।’ धान काट्न, बोक्न र दाउनका लागि करिब एक महिना लाग्ने गरेको चौधरीले बताए । उनले भने,‘पहिले धान काट्ने र घरमा ल्याएर दाउन एक महिना लाग्ने गरेको थियो । तर अहिले प्रविधिको सहायताले एक हप्तामै सबै काम सकिन्छ । बचेको समयमा अन्य धेरै काम गर्न सकिने भएको छ ।’

बड्का बगिया कृषि सहकारी संस्थाका कृषि प्राविधिक कृष्णा चौधरीले कृषियन्त्रको प्रयोगले किसानलाई सहज भएको बताए । कम जनशक्तिले पनि धेरै उत्पादन गर्न सकिने उनले बताए । सहकारीमार्फत पनि कृषिसम्बन्धी विभिन्न चेतनाका कार्यक्रमसँगै कृषियन्त्र, मल, बिउलगायत किसानलाई ५० प्रतिशत अनुदानमा दिँदै आएको चौधरी बताउँछन् । रासस

# कर्मचारी एशोसिएसनको पाँचौं बैठक

बुटवल, कार्तिक १२ (मेसस) । नेपाल नगरपालिका कर्मचारी एशोसिएसनको पाँचौं केन्द्रीय कार्यसमितिको पूर्ण बैठक अध्यक्ष डम्बर रोगुको अध्यक्षतामा सम्पन्न भएको छ । महोत्तरीको सदरमुकाम जलेश्वरमा कार्तिक ९ र १० गते बसेको उक्त बैठकमा जलेश्वर नगरपालिका प्रमुख सुरेश साह सोनारको प्रमुख आतिथ्यता तथा उपप्रमुख रोसन खातुन तथा प्रमुख प्रशासकीय अधिकृत जयकुमार शाह र मनोहरा शिसुवा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत राजेशकुमार शाहको विशिष्ट आतिथ्यता रहेको थियो ।

बैठकले मुलुक संघीय संरचनामा प्रवेशपश्चात् संघियताको कार्यान्वयनका क्रममा लामो समयको प्रतीक्षापश्चात् प्रदेश सरकारद्वारा स्थानीय सेवा ऐन जारी गरेकोमा प्रदेश सरकारलाई संगठनको तर्फबाट धन्यवाद ज्ञापन गर्दै एशोसिएसनले विगतदेखि माग गरेका ऐनमा छुट भएका विषयहरु स्थानीय कर्मचारीहरु प्रदेश स्तरमा निवृत्तीभरण तथा उपदान कोष स्थापना, ट्रेड युनियन अधिकार, अस्थायी करारका कर्मचारी सामान्य प्रकृयाबाट स्थायी गरिनुपर्ने, स्थानीय सेवा ऐनबमोजिम बढुवा वा तह बृद्धि भएको कर्मचारीहरुको जेष्ठता बढुवा वा तहबृद्धि हुनु अधिको पदमा नियुक्ति वा बढुवा भएको मितिदेखि नै कायम गर्नुपर्ने जस्त मागहरु ऐन संशोधनमार्फत समावेश गर्न एशोसिएशनले जोडदार माग गरेको छ । साथै संस्थाको सांगठनिक सवलिकरण अभियानअन्तर्गत २०८१ फागुन भित्र बाँकी रहेका प्रदेशहरुको प्रदेसिक अधिवेशन सम्पन्न गरिसक्ने र चैत्रमा धनकुटामा राष्ट्रिय परिषद् बैठक सम्पन्न गर्ने पनि निर्णय गरेको छ । बैठकमा संगठनलाई थप सशक्त क्रियाशील बनाउन हाल केन्द्रीय समितिमा रिक्त ६ सदस्य पदमा मनोनित गर्दै इकाइ समिति गठन हुन बाँकी रहेका पालिकाहरुमा गठन गर्न सम्बन्धित प्रदेश समितिलाई कार्यतालिकाबमोजिम जिम्मेवारी समेत तोकेको छ । बैठकले लामो समयदेखि सदन विचाराधीन रहेको संघीय निजामती सेवा ऐन चाँडो सम्बोधन गर्न नेपाल सरकारसँग माग गर्ने निर्णय गरेको छ । संगठनको मधेस प्रदेश समितिको व्यवस्थापन भएको कार्यक्रम संस्थाका उपाध्यक्ष जमुना भुजेलको स्वागत तथा महासचिव सितुप्रसाद श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको थियो ।




# नेप्से परिसूचक बढ्यो

काठमाडौँ, कार्तिक १२ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक २७ दशमलव ४१ अङ्कले उकालो लागेर दुई हजार छ सय ४५ दशमलव ३६ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव १४ अङ्कले उकालो लागेर चार सय ७२ दशमलव ९५ मा पुगेको छ । कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा सोमबार वृद्धि भएको छ । कूल एक करोड चार लाख १८ हजार नौ सय २६ कित्ता शेयर रु.पाँच अर्ब ३४ करोड ४८ लाख नौ सय १२ मूल्यमा खरिद बिक्री भएको छ । नेप्सेका अनुसार, जानकी फाइनान्स र डोल्टी पावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । रिभर फल्स पावर नौ दशमलव ५४,मेछ्याङ हाइड्रोपावर नौ दशमलव १३ र माया खोला हाइड्रोपावरका लगानीकर्ताले छ दशमलव ९९ प्रतिशतले कमाएका छन् ।

यस्तै, पिपल्स वर ६ दशमलव शून्य दुई, कालिञ्चोक दर्शन लिमिटेड चार दशमलव ३५,समृद्धि फाइनान्स कम्पनी तीन दशमलव ९६, विन नेपाल लघुवित्त दुई दशमलव ८९ र नेपाल एसबिआई बैंकका लगानीकर्ताले दुई दशमलव ६३ प्रतिशतले गुमाएका छन् ।

# पुष्प सहकारीको रजत महोत्सव

बुटवल, कार्तिक १२ (मेसस) । सहकारीको नीति नियममा चलेका र समुदायमा आधारीत सहकारीहरुमा कुनै समस्या नभएको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् । सहकारीको नियम प्रकृया र मापदण्डमा नचलेका तथा समुदायभन्दा बाहिरका सञ्चालक समितिमा रहेका व्यक्तिबाट सहकारीको रकमको दुरुपयोग र अपचलन हुने गरेको पाइएको पनि उनीहरुले बताए । वक्ताहरुले सहकारीको सदस्य बन्दा हरेक कुरा बुझेर बन्नुपर्नेमा समेत जोड दिए । बुटवल-७ मा अवस्थित पुष्प बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २५ औं वार्षिक साधारणसभामा बोल्ने वक्ताहरुले सो कुरा बताएका हुन् । कार्यक्रममा पुष्प बहुउद्देश्यीय सहकारीका संस्थापक अध्यक्ष चरणदास तिमिल्सेनाले केही सहकारीको बदमासीले राम्रो काम गरिरहेका सहकारीमा समेत आशंका पैदा गरेको भन्दै समुदायमा आधारित सहकारीमा अहिलेसम्म समस्या नदेखिएको बताए ।


## लुम्बिनी प्रदेश सरकार
## सामाजिक विकास डिभिजन कार्यालय
तौलिहवा, कपिलवस्तु

### शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रकाशित मितिः २०८१/०७/१३

यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका योजनाहरुको निर्माण कार्य खरीद गर्न तपसिल बमोजिम सिलवन्दी दरभाउपत्र आव्हान गरिएकोले आजको मितिले १५औं दिनभित्र दरभाउपत्र फारम खरीद गरी १६औं दिन दिउसो १२ वजेभित्र इच्छुक इजाजतप्राप्त फर्म वा कम्पनीले सिलवन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना तथा जानकारीको लागि यस कार्यालय (मो.नं. ९८५७०५००१३) मा सम्पर्क गर्नु हुन सुचित गरिन्छ ।

| Procurement title | Contract ID | cost estimate | Bid Fee | Bid Bond |
|---|---|---|---|---|
| Construction of boundary wall of kamala ma.vi. Panini-08, argkhakhanchi | SDDO.ARGHA.WORKS.SQ.KAMALA-05/81-82 | 969781.17 | 1000/- | 25000/- |
| Construction of Boundary Wall of sharada ma.vi. chhatradev-04, arghakhanchi | SDDO.ARGHA.WORKS.SQ.SHARADA-06/81-82 | 485269.60 | 1000/- | 12500/- |
| Construction of boundary wall of Nepal rastriya ma.vi. | SDDO.ARGHA.WORKS.SQ.NEPAL RASTRIYA-07/81-82 | 485998.71 | 1000/- | 12500/- |
| Construction of boundary wall of jagatmata aa.vi. | SDDO.ARGHA.WORKS.SQ.JAGATMATA-08/81-82 | 970286.41 | 1000/- | 25000/- |

## Bhumikasthan Municipality
Office of the Municipal Executive
Nuwakot, Arghakhanchi, Lumbini Province, Nepal

### Invitation for Bids

**First Notice Publication Date : 29-10-2024 (2081-07-13)**

1. The Bhumikasthan Municipality has allocated funds and invites electronic bids from eligible bidders for the construction of Jheske Gairagoth Gouchour Motorable Road Blacktopped Works under National Competitive Bidding-Single Stage Two Envelope Bidding procedures (Contract No: 18/BMA/W/BT/2081/082). Bidding is open to all eligible bidders as per Section V of Bidding Document.
2. **Only eligible bidders with the following key qualifications should participate in this bidding:**
   Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years:
   - Minimum Average Annual Construction Turnover: NRs.36,407,475.93
   - One partener: NRs. 14,562,990.37
   - Each Partner: NRs.9,101,868.98
3. **Minimum Work experience of similar size and nature:**
   - Minimum work experience of similar size and nature of single blacktopped road NRs. 29,125,980.75 for last 10 Years
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs.5000/- in the Project's Rajaswa (revenue) account as specified below:

**Information to deposit the cost of bidding document in Bank:**
- **Name of the Bank:** Prabhu Bank Ltd.
- **Name of the Office:** Bhumikasthan Municipality, Arghakhanchi.
- **Office Code no:** 801055101
- **Office Account no:** 2587086986800138
- **Rajaswa (revenue) Shirshak no:** 14249

6. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal at 17-11-2024 13:00 hours.
7. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 28-11-2024 12:00. Bids received after this deadline will be rejected.
8. **Required Bid Capacity:**
   - The bidding capacity of the bidder should be equal to or more than the NRs. 43,700,000.00
9. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 28-11-2024 13:00 hours at the office of Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 14,55,000/- which shall be valid for 30 days beyond the validity period of the bid.
10. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

## इट्टा चाहिएमा !
तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।



मार्का



सम्पर्कः पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोनः ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री
नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।

## श्री नवदुर्गा सामुदायिक वन उपभोक्ता समूह
कृष्णपुर न.पा.-४, कन्चनपुर

### काठ लिलाम बिक्री सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१/०७/१३

कृष्णपुर न.पा.-४, कन्चनपुरमा रहेको यस नवदुर्गा सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. २०८०/०८१ मा संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरि राखिएको खयर जातको गोलिया थान ४९ को परिमाण २३४।५८ क्यु फिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक कत्था उद्योगले यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरीद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टास गरिएको छ ।

## सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची

### सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०७/१३ गते

सन्धिखर्क नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा तपसिलमा उल्लिखित पदमा देहायको संख्या तथा योग्यता भएका कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरूले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचना बमोजिमको दरखास्त फाराम, कार्यविवरण, पारिश्रमिक, सेवा सर्तहरू सहितको विस्तृतविवरण कार्यालयको वेबसाइट www.sandhikharkamun.gov.np बाट उपलब्ध गर्न सकिनेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १/२०८१/८२ | रोजगार संयोजक | १ | सशर्त अनुदानतर्फको रोजगार संयोजक करार कार्यक्रम अन्तर्गत । |
| २ | २/२०८१/८२ | जिल्ला कार्यक्रम संयोजक (सुरक्षित आप्रवासन कार्यक्रम) | १ | सन्धिखर्क नगरपालिका अन्तर्गत रही अर्घाखाची जिल्लाभित्रका स्थानीय तहमा कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु संचालनको लागि समन्वय तथा संयोजन गर्ने गरी । |
| ३ | ३/२०८१/८२ | पशु चिकित्सक (छैठौ तह) | १ | सशर्त अनुदान तर्फको पशु चिकित्सक (छैठौ तह) करार कार्यक्रम अन्तर्गत । |
| ४ | ४/२०८१/८२ | रिटर्नी स्वयंसेवक | २ | बैदेशिक रोजगारीबाट फर्केका स्थानीय । |

- **शैक्षिक योग्यताः**
  (क) **रोजगार संयोजकः** मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।
  (ख) **जिल्ला कार्यक्रम संयोजक (सामि परियोजना)ः** मान्यताप्राप्त शिक्षण संस्थाबाट मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा स्नातक तह उत्तीर्ण भएको, कार्यक्रम व्यवस्थापन तथा सञ्चालनमा ५(पाच) वर्षको अनुभव भएको र कम्तिमा २(दुई) वर्ष अधिकृत स्तरमा रहि कार्यानुभव भएको । कम्प्यूटर सम्बन्धी ज्ञानका साथै (MS Office -word, excel, PowerPoint, outlook, email, internet, Kobo tool etc.) सहजरुपमा चलाउन सक्ने । नेपाली र अंग्रेजी दुवै भाषामा टाईप गर्न सक्ने क्षमता भएको साथै नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न र प्रतिवेदन तयार गर्न सक्ने । स्थानीय तह प्रदेश सरकारसंग निकटत्म समन्वय र सहकार्यमा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।
  (ग) **पशु चिकित्सक (छैठौ तह) :** मान्यताप्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विषयमा B.Vsc. & A.H/B.V.Sc. वा सो सरहको स्नातक तह उत्तीर्ण भइनेपाल पशु चिकित्सा परिषद्मा दर्तावाल पशु चिकित्सक हुनुपर्नेछ ।
  (घ) **रिटर्नी स्वयंसेवकः** न्यूनतम् कक्षा ८ पास गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।
  (ङ) **थप योग्यताः** सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको ।
- **कार्य अवधिः** हाललाई २०८२ असार मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्यसम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ ।
- **परिक्षाको किसिम :** जिल्ला कार्यक्रम संयोजकको हकमा लिखित, अन्तर्वार्ता र प्रयोगात्मक, रिटर्नी स्वयंसेवकको हकमा लिखित र अन्तर्वार्ता, रोजगार संयोजकको हकमा लिखित, प्रयोगात्मक र पशु चिकित्सको हकमा लिखित, सामुहिक परीक्षण र अन्तर्वार्ता ।
- **तलव तथा अन्य सुविधाः** कार्यक्रमको नियमानुसार ।
- **आवश्यक कागजातहरूः** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो एक प्रति साथै आफुले आवेदन दिन चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित दरखास्त फारम भरि नगरपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।
- **उमेरः** पशु चिकित्सक पदको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको, रोजगार संयोजक र जिल्ला कार्यक्रम संयोजक (सुरक्षित आप्रवासन) पदको हकमा दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र रिटर्नी स्वयंसेवक पदको हकमा १८ वर्ष पुरा भएको हुनु पर्नेछ ।
- **छनौट प्रक्रियाः** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तरवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ ।
- **दरखास्त दिने अन्तिम मिति :** २०८१/०७/२७ गतेका दिन कार्यालय समयभित्र बुझाउन सकिने छ । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट आवेदन बुझाउन सकिने छ ।
- **आवेदन दस्तुर :** रोजगार संयोजक, जिल्ला कार्यक्रम संयोजक (सामी) र पशु चिकित्सकको (छैठौ तह) हकमा रू. १२०० (अक्षरेपी बाह्र सय मात्र) र रिटर्नी स्वयंसेवकको हकमा रू. ५०० (अक्षरेपी पाच सय मात्र) ।
- **पाठ्यक्रम :** रोजगार संयोजकको हकमा रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ अनुसार, जिल्ला कार्यक्रम संयोजक र रिटर्नी स्वयंसेवक (सुरक्षित आप्रवासन) हकमा रोजगार प्रवर्द्धन कार्यक्रम सुरक्षित आप्रवासन (सामी) कार्यक्रम कर्मचारी छनौट पाठ्यक्रमको ढाँचा २०८१ अनुसार र पशु चिकित्सकको हकमा लोकसेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

पदपुर्ति समिति